# रंगेली नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# रंगेली नगरपालिकाको राजपत्र

रंगेली नगरपालिकाबाट प्रकाशित

खण्डः९ संख्याः २ सम्वत् २०८१ असार २४ गते

## भाग- १

## रंगेली नगरपालिका

## कर्मचारी कल्याण कोष ऐन(पहिलो संशोधन) , २०८२

कर्मचारी कल्याण कोष सञ्चालन ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

# कर्मचारी कल्याण कोष ऐन (पहिलो संशोधन), २०८२

नगरसभाबाट स्वीकृत मितिः२०८२।०३।१०

प्रमाणीकरण मितिः २०८२।०३।२४

प्रस्तावनाः कर्मचारी कल्याण कोष ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो ऐन संशोधन गरी जारी गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " कर्मचारी कल्याण कोष ऐन, २०८१ (पहिलो संशोधन), २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कर्मचारी कल्याण कोष ऐन, २०८१ मा संशोधनः

(१) कर्मचारी कल्याण कोष ऐन, २०८१ को दफा ३ लाई देहाय बमोजिम हुने गरी संशोधन सहित थप गरिएको छ।

दफा ३ कोषको उद्देश्यः (१) रंगेली नगरपालिकाको स्थायी कर्मचारीहरुलाई उपदान, सेवा बापतको आर्थिक सहयोग प्रदन गर्नु तथा करार सेवाका कर्मचारीहरुलाई करार समाप्ती पश्चात प्राप्त गर्न सक्ने प्रोत्साहन रकम प्रदन गर्नु कोषको उद्देश्य हुनेछ।

(२) कर्मचारी कल्याण कोष ऐन, २०८१ को दफा ६ को उपदफा ५ मा देहाय बमोजिम संशोधन गरी उपदफा ५क थप गरिएको छ।

दफा ६ को उपदफा (५) कुनै निकायमा वा कार्यालयमा प्रचलित कानुन बमोजिम स्थायी नियुक्त भई राज्य पुनःसंरचना पश्चात खटाइएका/समायोजन भएका स्थायी कर्मचारीको हकमा साविकको कार्यालयको नियुक्ति मितिलाई आधार मानिनेछ।

उपदफा (५) पछि उपदफा (५क) करार कर्मचारीहरुको हकमा करार समाप्त भएको मितिसम्म निजले नगरपालिकामा निरन्तर सेवा गरेको पाँच बर्ष पुरा भएको हुनुपर्नेछ।

(३) कर्मचारी कल्याण कोष ऐन, २०८१ को दफा ६ सँग सम्बन्धित अनुसुची को २क हटाइएको छ।

(४) कर्मचारी कल्याण कोष ऐन, २०८१ को दफा ६ सँग सम्बन्धित अनुसुची को २ख मा देहाय बमोजिम हुने गरी संशोधन गरिएको छ।

(२ख) पाँच बर्ष भन्दा बढी निरन्तर रुपमा नगरपालिकामा सेवा गरेको भएमा योगदान स्वरुप आन्तरिक श्रोतबाट एकमुष्ठ एक लाख रुपैयासम्म प्रोत्साहन रकम प्रदान गरिनेछ।

आज्ञाले
प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत